# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्याः २०७६/०७७
चलानी नम्बरः ३८४

३ नं. प्रदेश, नेपाल

मिति २०७६।०५।३१

**फोहोरमैला व्यवस्थापन सम्वन्धि शिलवन्दी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना**

चौतारा साँगाचोकगढी नगरपालिका भित्र फोहोरमैला व्यवस्थापन गर्न आवश्यक भएकाले निर्धारित शर्त तथा नगरपालिकावाट उपलब्ध हुने प्रस्ताव ढाँचा वमोजिम इच्छुक संघ संस्थावाट खामवन्दी गरि प्रस्ताव पेश गर्न १५ दिनको सार्वजनिक सूचना आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

**तपसिलका शर्तशरु**

१. संस्था छनौट हुनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न संस्था दर्ता भएको, नगरपालिकामा दर्ता भएको, सम्वन्धित विषय कार्य अनुभव भएको, VAT/PAN दर्ता भएको, नियमानुसार वार्षिक नविकरण भएको, आ.व २०७५।०७६ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
२. आर्थिक तथा प्राविधिक प्रस्तवमा चौतारा बजारको फोहोर व्यवस्थापनको योजना दिगो हुने गरि न्युनतम लागत सीमा सहित नगरपालिकामा वुझाउन सक्ने शुल्क वापतको कूल रकम वा नगरपालिकावाट प्राप्त हुनपर्ने अनुदान रकम उल्लेख गरिएको हुनुपर्नेछ ।
३. विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव खामवन्दी गरि प्रस्ताव वुझाउने अन्तिम मिति २०७६।०६।१५ गते दिनको ५:०० वजे भित्र पेश गर्नुपर्नेछ र भोलिपल्ट दिनको ११:०० वजे प्रतिनिधिहरुको रोहवरमा उक्त प्रस्ताव खोलिनेछ ।
४. नगरपालिकाले निर्धारण गरेको सूचकको आधारमा उपयुक्त संस्था छनौट हुनेछ । संस्था छनौट प्रकृया स्वीकृत गर्ने वा कुनै पनि समयमा पूर्ण वा आंशिक रुपमा रद्ध गर्ने सम्पुर्ण अधिकार चौतारा साँगाचोकगढी नगरपालिकामा सीमित रहनेछ ।
५. प्रस्ताव फाराम यस कार्यालयको कार्यालय समय भित्र रु. १०००। (एक हजार ) मात्रमा खरीद गर्न सकिनेछ
६. पेश भएको वोल कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड, चौतारा शाखामा रहेको धरौटी खाता नं. ०५७०३०००००००००००३८७ मा जम्मा गरेको सक्कलै वैंक भौचर र वाणिज्य वैंकवाट जारी गरिएको १२० दिन मान्य हुने यस कार्यालयको नाममा जारी गरिएको वैंक जमानत पेश गर्नुपर्ने तथा यदि नगरपालिकावाट अनुदान उपलब्ध गराउनु पर्ने भए सोहि वमोजिम पेश गर्नुहुन समेत जानकारी गराइन्छ ।
७. यसमा माथी उल्लेखीत व्यहोरामा कुनै कुरा छुट भएको विषय प्रचलित कानून वमोजिम हुनेछ ।

(महेन्द्र कुमार वोहरा)

नि. प्रमुख प्रशासकीय अधिकृत

चौतारा साँगाचोकगढी नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत